यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

○वर्ष ८ ○अंक ६१ ○श्रेणी 'क' ○२०७२ मंसिर १३ गते आइतबार ○ 29 Nov. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

**खुशीको खबर !!!**
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

### पार्टी नेतृत्वप्रति काँग्रेसका पूर्वमन्त्रीद्वारा तीव्र असन्तुष्टि
## पार्टी सभापति हुने पालो मेरो–पौडेल



**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं १२ मंसिर ।**

नेपाली काँग्रेसका पूर्व मन्त्रीहरूले पार्टीको नेतृत्वको कार्यशैलीप्रति तीव्र असन्तुष्टि व्यक्त गरेका छन् । पूर्वमन्त्री, पूर्वसांसद र पूर्वजिल्ला सभापतिले आयोजना गरेको 'नेपाली काँग्रेसमा देखापरेका सङ्कट र हाम्रो भूमिका' विषयको छलफल कार्यक्रममा पार्टीले पछिल्लो समयमा खेलेको भूमिकाप्रति असन्तुष्ट व्यक्त गरेका हुन् । काँग्रेसका केन्द्रीय सदस्य पद्मनारायण चौधरीले पार्टीले गुटको राजनीतिक अन्त्य गरेर अगाडि बढ्नु आवश्यक रहेको औंल्याए । उनले भने-"१२ औं महाधिवेशनलाई एकताको महाधिवेशन भनिए पनि पार्टीभित्र देखिएका मनमुटाव, विवाद र गुटबन्दी बढ्दै गयो, आगामी १३ औं महाधिवेशनमा गुठबन्दीको अन्त्य गरी पार्टीलाई सशक्त ढङ्गले अगाडि लैजानुपर्छ ।"

पार्टीका अर्का केन्द्रीय सदस्य तथा पूर्वमन्त्री रामकृष्ण ताम्राकारले पार्टीका गम्भीर विषयमा हुने छलफल पार्टी नेतृत्वले केन्द्रीय सदस्यको अनुपस्थितिमा एकलौटी ढङ्गले निर्णय गर्ने गरेको बताए । पूर्वमन्त्री मार्शलजुलुम शाक्यले जननायक बिपी कोइरालाको भनाइ 'यदि तपाईलाई के गर्ने र के नगर्ने द्विविधा परे देशको माटो हातमा उठाएर सहिदलाई सम्झनुहोस् । अनि आफ्नो आत्मालाई सोध्नोस्, तपाईंको आत्माले जे भन्छ त्यही गर्नोस्, त्यही देश र जनतको हितमा हुनेछ' लाई आत्मसात् गर्ने बेला आएको बताए ।

पूर्व राज्यमन्त्री सुशीलमान शेरचनले संविधान निर्माणपछि राष्ट्रपति, प्रधानमन्त्री निर्वाचनमा पार्टीले गरेको निर्णयप्रति आपत्ति जनाउँदै भने-"पार्टीलाई थप उचाइमा पुऱ्याउनका लागि पार्टीमा नयाँ नेतृत्वको खाँचो छ ।" पूर्वराज्यमन्त्री रेवती भुसालले नाकाबन्दीले देशमा महँगी, कालोबजारी, भ्रष्टचार मौलाउँदै गएकाले व्यवस्थापिका-संसद्को प्रमुख प्रतिपक्षी दलको हैसियतले काँग्रेसले उचित जिम्मेवारी निर्वाह गर्नु आवश्यक रहेको बताए । पूर्वराज्यमन्त्री इन्द्रबहादुर गुरुङ, चन्द्रसिंह भट्टराई, रामबहादुर गुरुङ, पूर्वसहायकमन्त्री झलकनाथ वाग्ले, उदयपुरका पूर्वसभापति विदुर बस्नेत, बिपी कोइराला मेमोरियल ट्रष्टका उपाध्यक्ष श्रीहर्ष कोइराला, बिपी सङ्ग्रहालयका अध्यक्ष पशुराम पोखरेललगायतले पार्टी नेतृत्वले बिपीको आदर्श सिद्धान्तलाई बिर्संदै गएको जिकिर गरे ।

उनीहरूले पार्टीको विधानको परिच्छेद ५ को धारा २१ को (ङ) मा १० वर्ष निरन्तर पार्टीमा क्रियाशील भएको व्यक्तिलाई केन्द्रीय सदस्य बनाउन पाउने व्यवस्था भए पनि १० महिना क्रियाशील नभएका व्यक्तिलाई केन्द्रीय सदस्य बनाइएको भन्दै आलोचना गरे । भेलाले छलफलबाट निष्कर्षमा आएका कुरा पार्टी नेतृत्वलाई ध्यानाकर्षण गराउने भएको छ ।

यसैबीच नेपाली कांग्रेस उपसभापति रामचन्द्र पौडेलले पार्टी सभापति सुशील कोइराला र बरिष्ठ नेता शेरबहादुर देउवासँग सल्लाह गरेर १३ औं महाधिवेशनबाट आफू सभापतिमा निर्विरोध बन्न चाहेको बताएका छन् । शनिबार रिपोटर्स क्लव तनहुँले गरेको पत्रकार भेटमा उपसभापति पौडेलले अधिकांश नेता र कार्यकर्ताहरुको मनसाय नै आफूलाई सभापति बनाउने रहेको उनले बताए । 'प्रतिस्पर्धाको राजनितिमा कांग्रेसलाई खरो उतार्नको लागि रामचन्द्र पौडेलले विशेष जिम्मेवारी लिनु पर्छ भन्ने धेरै साथीको भनाई मैले पाएको छु' उनले भने, 'आम रुपमा कार्यकर्ता पंक्ति र शुभचिन्तकहरु बाट आएको यो भनाइलाई लिएर म मेरो पार्टीका शीर्षतहमा रहेका सुशील कोइराला र शेरबहादुर देउवा दुवै जनासँग आग्रह गर्न चाहन्छु की अब तपाईहरुले पछि हटेर मलाई निर्विरोध पार्टी बनाउन सहयोग गर्नुस् भनेर प्रस्ताव गर्ने छु ।' आफूले कांग्रेसका शीर्ष नेताहरुसँग परामर्श गरेर मात्र औपचारिक रुपमा सभापतिको घोषणा गर्ने उनले बताए । देश, कांग्रेस र लोकतन्त्रको आवश्यकताको चुनौतीलाई आफूले सामना गर्दै आएकोले आफू सभापतिमा योग्य भएको उनले बताए । 'हामीले उहाँलाई लौ त भनेर स्वत अग्रसर गराउने थियौं नी । उहाँले हामीलाई नसोधी एक्लै अघि जानु भयो भन्ने मौका नदिनलाई र उहाँहरुलाई एक पटक सोच्ने मौका दिन मैले ठोस कुरा गरेको छैन,'उनले भने,-'लोकतन्त्रको आवश्यकताको चुनौतीलाई मैले व्यहोर्दै आएको छु । सामना गर्दै आएको छु त्यसकारण मेरो आफ्नो कुरा स्पष्ट जनसमक्ष राख्ने छु । अघि बढेपछि मेरो कदम रोकिने छैन ।' गुट उपगुटको राजनितिलाई समाप्त गरी कांग्रेसलाई जनता र मुलुकको हितमा सपर्पित गराउन पनि कार्यकर्ताले पार्टीको जिम्मेवारी आफूले लिनु पर्छ भन्ने चाहेको उनले बताए ।

निष्ठाको राजनीतिबाट आफू विचलित नभएकोले पनि सबैबाट आफूलाई समर्थन जुट्नेमा आफू ढुक्क रहेको उनले बताए । मधेसको आन्दोलन र भारतले गरेको अघोषित नाकाबन्दीलाई बार्ता र कुटनीतिक प्रयासबाट समाधान गर्नु पर्नेमा त्यसो हुन नसकेको उनले बताए । कांग्रेसको नेतृत्व सम्हालेको भए मुलुकले निकास पाई सक्ने समेत उनले बताए । पार्टीले छिट्टै निर्णय गरेर मधेस आन्दोलन र नाकाबन्दी हटाउन पहल गर्ने समेत उनले बताए ।

## नेपाल तीन वर्षभित्र कृषिमा आत्मनिर्भर

**काठमाडौं १२ मंसिर ।**

भूमिहीन कृषकलाई जमिन उपभोग गर्ने दिएर आगामी तीन वर्षभित्र मुलुकलाई कृषिमा आत्मानिर्भर बनाइने भएको छ । कृषि मजदुर, भूमिहीन र सीमान्तकृत, मझौला र कृषि क्षेत्रमा संलग्न किसान, उद्यमी तथा व्यवसायीलाई सामूहिक तथा करारखेती गर्न दिइने र उत्पादित वस्तुको बजारको सुनिश्चिता मार्फत कृषिको परनिर्भरता हटाइने भएको हो । छैटौं कृषि गणना २०६८ मा एक लाख १६ हजार व्यक्तिले आफ्नै जमिन नभएका कारण कृषि पेसा गर्न नपाएको उल्लेख छ ।

राष्ट्रिय कृषि गणना २०६८ ले दश वर्षमा एक लाख २९ हजार हेक्टर उर्वरजमिन बाँझो भएको तथ्याङ्कमा उल्लेख गरेको छ भने एक लाख १६ हजारले आफ्नै जमिन नभएका कारण कृषि पेसा गर्न नपाएको जनाएको छ । उक्त गणनाले ७१ प्रतिशत जनता पूर्णकालीन कृषक रहे पनि ८३ प्रतिशत जनता कृषि पेसामा आत्मानिर्भर रहेको जनाएको छ ।बयालिस प्रतिशत कृषकले व्यावसायिक कृषि गर्न आफूलाई ऋण उपलब्ध नभएको जनाएको तथ्याङ्कमा उल्लेख छ । वैदेशिक रोजगारमा गएका झन्डै ४० लाख युवाका गृहिणीलाई समेत कृषि पेसामा आबद्ध गरिने भएको छ । अहिले झन्डै कुल खेतीयोग्य जमिनको ४३ प्रतिशत जमिन बाँझो छ । "जमिन बाँझो राख्न पाइँदैन, कानुन बनाएर बाँझो जमिनलाई उपयोगमा ल्याइने छ" कृषि विकासमन्त्री हरिबोल गजुरेलले भने । जग्गाको हदबन्दी तोक्ने, कृषि पेसालाई मर्यादित बनाइने, कृषि बिमा र कृषि ऋणमा सरकारले बैङ्क तथा वित्तीय संस्थालाई लगानी गर्न प्रोत्साहन गर्ने र आगामी तीन वर्षभित्र नेपाललाई कृषिमा पूर्ण आत्मनिर्भर बनाउने बीस वर्षीय कृषि विकास रणनीतिमा उल्लेख छ ।

सरकारले चालु आव ०७२/०७३ को बजेट मार्फत कृषि विकासका लागि ब्याज अनुदान रु एक करोड विनियोजन गरेकामा ज रु १० लाख मात्र खर्च भएको कृषि तथा जलस्रोत समितिका सभापति गगनकुमार थापाको भनाइ छ ।

उनका अनुसार बैङ्क तथा वित्तीय संस्था कृषिमा लगानी गर्न रुचाउँदैनन् भछन् । कृषि सचिव उत्तमकुमार भट्टराई हदबन्दीभन्दा धेरै जग्गा भएकासँग जमिन भाडामा लिएर वा खरिद गरेर भए पनि आगामी तीन वर्षमा नेपाललाई कृषिमा आत्मनिर्भर गराएरै छाड्ने बताउछन् ।

नेपाल सरकारले २० वर्षे कृषि विकास रणनीति (एडिएस) लाई साउन १० गते स्वीकृत गरी लागू गरिसकेको छ । पहिलो चरणमा वैदेशिक रोजगारमा गएकाहरूको परिवारलाई लक्ष्य गरी सरकारले युवा लक्षित कार्यक्रममार्फत तरकारी, मौरीपालन, च्याउखेती, मत्स्य तथा पशुपक्षीपालनलाई प्रोत्साहन गरिने बताइएको छ । आगामी तीन वर्षभित्र धान, मकै, तरकारी र माछामा पूर्ण आत्मानिर्भर भई निर्यात गर्न सकिने मन्त्रालयले दाबी गरेको छ । मन्त्रालयका सहसचिव योगन्द्र कुमार कार्कीका अनुसार आव २०७४/०७५ मा रु तीन अर्बको धान र रु एक अर्बको मकै, रु एक अर्ब ३९ करोडको दलहन बाली, रु ८३ करोडको तरकारी र २८ करोडको माछा निर्यात गर्ने लक्ष्य लिइएको छ । अहिले नेपालले

बाँकी २ पृष्ठमा......

## नाकाबन्दी विरुद्ध नेपाल बन्द आयोजना–दूरा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १२ मंसिर ।**

भारतले नेपालमाथि लगाएको चरम नाकाबन्दीले नेपालमा देखिएको मानवीय संकट समाधानका लागि आवश्यक पहल नभएको भन्दै नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा माओवादीले आईतबार नेपाल बन्दको आयोजना गरेको छ । नेपाली जनता अप्ठ्यारोमा परेका बेला सरकारले ठोस पहल गर्न नसकेको भन्दै माओबादीले अहिलेको सरकार नालायक भएको निश्कर्ष निकाल्दै बन्दको आयोजना गरेको नेकपा माओबादीको केन्द्रीय सदस्य साबित्रा दुरा (आस्था)ले सानातिना बिरोधले दवाव नपुगेपछि बन्द गर्नुपरेको बताईन ।

सत्तामा बसेकाहरुले जनताको दु:ख बुझ्ने कोषिस गरेको भए अहिलेसम्म सबै समस्याको हल हुने उनको दाबी छ । प्रयास गरिरहेको बताउने सरकारले के प्रयास भएको छ भन्ने कुरा किन जनतालाई भन्न सक्दैन ? जनताले दैनिक छाक टार्न नसकेको बेलामा घाटा खाएर भएपनि तत्काल राहत दिनतर्फ बर्तमान सरकारले सोच्न समेत नसक्नुले अहिलेको सरकार जनता प्रति उत्तरदायी नभएको उनको भनाई छ ।

कति छुटमा ईन्धन पाईन्छ भन्ने तर्फ छलफल चलाउनु भन्दा तत्कालका लागि राहत दिएर दिर्घकालिन सम्झौतामा जान नसक्नुले राज्यमा बसेकाहरु नै भारतको दलाल भएको भन्ने कुरा स्पष्ट हुने उनले दावी गरिन । कुनैपनि संकटलाई अन्तर्राष्ट्रियकरण गर्न नसके त्यसको सहि समाधान निस्कन नसक्ने दुराले बताईन । नेपालको नाकाबन्दीलाई अन्तर्राष्ट्रियकरण गर्नको लागि नेपाल बन्द जस्तो कठोर आन्दोलन रोज्नु आफूहरुको बाध्यता भएकोले यसप्रति नेपाली जनतामा पर्ने गएको असुबिधा प्रति दुराले दु:ख ब्यक्त गरेकी छिन ।

आफूहरुले ज्ञापनपत्र, बिरोध जुलुस तथा ध्यानाकर्षण र मानवसाङ्गलो समेत प्रदर्शन गरिसकेको भएपनि राज्य कानमा तेल हालेर बसेका कारण सडमका उत्रन परेको उनको दावी छ । बन्दको समयमा पर्यटक वा अन्य बाहनामा भारतीय गाडी भने चल्न नदिने माओबादीले यसअघि नै जानकारी दिएको छ ।

माओबादीले पछिल्लो समय बजारमा देखिएको कालोबजारी नियन्त्रणका लागि अभियान सुरु गरेको पनि दुराले जानकारी दिईन । अब देश बचाउन र भारत बिरुद्ध एकजुट भएर सडकमा आउन दुराले सबे नेपालीलाई आग्रह गरेकी छन । माओबादीले निरन्तर माथिल्लो कर्णाली, विद्युत ब्यापार सम्झौता, बिप्पा, नेपालको एयरपोर्टमा भारतीय एयरमार्सल राख्ने प्रस्ताव, लिपुलेक जस्ता राष्ट्रघाति कदमको बिरुद्धमा आवाज उठाउदै आएको र अहिले आएर सबै जनतामा भारतको नियत र माओबादीको बिरोधको औपचारिक पुष्टि हुनुले अब राष्ट्रिय स्वाधिनताको लडाइँमा जनताको साथ हुने उनको बिश्वास थियो ।

## विविध कार्यक्रमका साथ क्षयरोग दिवस

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १२ मंसिर ।**

४२औं राष्ट्रिय क्षयरोग दिवस आइतबार विविध कार्यक्रमका साथ देशभर मनाइँदै छ । यसैक्रममा नेपाल क्षयरोग निवारण संस्था कास्कीले पनि पोखराको सभागृहचोकमा क्षयरोग सम्बन्धी सचेतनामूलक कार्यक्रम आयोजना गरेको छ । विश्वमा क्षयरोगीहरुको संख्या वृद्धिसंगै यसबाट मर्नेहरुको संख्या समेत बढ्दै गएको छ । क्षयरोग निवारण संस्था कास्कीका अध्यक्ष केशव भण्डारीका अनुसार नेपालमा वर्षेनी करिब ७ हजार र पोखरामा करिब ६ सय क्षयरोगीको संख्या थपिंदै गएको तथ्याङ्कले देखाएको छ । क्षयरोग निवारणका लागि २०१० सालदेखि संस्थाले नियमित रुपमा विभिन्न कार्यक्रम गर्दै आएको र सरकारले पनि क्षयरोग निवारणका लागि अभियान संचालन गर्दै आएको उनले बताए । क्षेत्रीय क्षयरोग केन्द्र पश्चिमाञ्चलका निर्देशक डा. मुकुन्द आचार्यका अनुसार नियमित रुपमा औषधि सेवन गरेमा क्षयरोग पूर्ण निको हुने भएपनि बिरामीहरु मध्ये कतिपयले औषधि सेवन नगर्ने तथा गरेपनि अनियमित ढङ्गले सेवन गर्दा क्षयरोग निको हुन नसकेको हो । समयमा आफूलाई क्षयरोगीको रुपमा चिनाइने डरले कतिपयले क्षयरोगको उपचार समेत नगर्ने र रोग समेत लुकाउने प्रवृत्ति कायम रहेकाले पनि क्षयरोगको निवारणमा चुनौती देखिएको उनले बताए । मुलुकमा केही महिनादेखि विद्यामान नाकावन्दीका कारण सबैजसो सामान र औषधिको अभाव हुने गरेको भएपनि क्षयरोगको औषधिको अभाव नभएको संस्थाका कास्की शाखा सचिव गणेश ढकालले जानकारी दिए । यूरोपबाट जहाजमा औषधि ल्याउने भएकाले पनि नाकाबन्दीको प्रभाव क्षयरोगको औषधिमा नदेखिएको उनले बताए । पोखराको सुनौलो एफएमसंग कुरा गर्दै डा. मुकुन्द आचार्य, क्षयरोग निवारण संस्थाका अध्यक्ष केशव भण्डारी र सचिव गणेश ढकाल लगायतले क्षयरोग निवारणमा आमसर्वसाधारणको ध्यान जानुपर्नेमा जोड दिएका थिए ।

## ग्यास बाँडिदै

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १२ मंसिर ।**

कास्कीको लेखनाथमा सोमवार ग्यास बितरण गरिने भएको छ । लेखनाथका ११ स्थानबाट शक्ति र गृहलक्ष्मी कम्पनीको गरी २८ सय सिलिण्डर वितरण गर्न लागिएको हो । लेखनाथका ८ स्थानबाट शक्ति ग्यास २१ सय २८ सिलिण्डर बितरण गरिनेछ भने तीन स्थानबाट गृहलक्ष्मी कम्पनीको ६ सय ७३ सिलिण्डर बितरण गर्न लागिएको जिल्ला आपूर्ति समिति कास्कीले जनाएको छ । ७.१ केजी तौल भएको आधा सिलिण्डर ग्यासको मूल्य ७ सय रुपैया तोकिएको छ । तोकिएको डिलरले स्थानीय जनप्रतिनिधि, टोल विकास संस्था, नागरिक समाज, वडा मन्च समेतको उपस्थितिमा लाइन लगाई नाम, ठेगाना र हस्ताक्षर सहितको अभिलेख तयार गरी ग्यास बितरण गरिने बताईएको छ । पोखरामा भने तत्काल ग्यास बितरणको तयारी नरहेको ग्यास बिक्रेता महासंघ कास्कीले जनाएको छ ।

## विद्युत् आयोजनालाई इन्धन उपलब्ध गराइने

**राजाराम कार्की**
**काठमाडौं १२ मंसिर ।**

सरकारले इन्धन अभावका कारण निर्माण अवरुद्ध भएका जलविद्युत् आयोजनालाई अगाडि बढाउन कार्यविधि बनाएर इन्धन उपलब्ध गराउने भएको छ । ऊर्जा सङ्कटका कारण मुलुक चरम सङ्कटमा परेको अवस्थालाई मध्यनजर गर्दै निर्माणाधीन आयोजनालाई केहीमात्रामा इन्धन उपलब्ध गराएको खण्डमा अगाडि बढ्न सक्ने अवस्था देखिएपछि सरकार त्यसतर्फ लागेको हो ।

नेपाल विद्युत् प्राधिकरणले निर्माण गरिरहेको माथिल्लो त्रिशूली थ्री ए, माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाले निर्माण गरिरहेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजना, चिलिमे जलविद्युत् कम्पनीले निर्माण साञ्जेन र माथिल्लो साञ्जेन र रसुवागढी आयोजना इन्धन अभावका कारण बन्द अवस्थामा रहेका छन् । निजी क्षेत्रले निर्माण गरिरहेका विभिन्न आयोजनासमेत इन्धन अभावका कारण रोकिँदै आएको छ । निजी क्षेत्रले हाल २१६ मेगावाट क्षमताको विद्युत् निर्माण गरिरहेको छ । एक वर्षभित्र विद्युत् भार कटौती गर्ने योजनाका साथ अगाडि बढेको सरकारले जुनसुकै हालतमा निर्माणाधीन आयोजना पूरा गर्ने लक्ष्य राखेको छ । भूकम्पले थिलथिलो पारेको आयोजना पछिल्लो दिनमा इन्धन अभावका कारण थप सङ्कटमा परेको छ । भारतको अघोषित नाकाबन्दीका कारण इन्धन आपूर्तिमा समस्या हुँदा करिब ८०० मेगावाटभन्दा बढी निर्माणाधीन आयोजना समस्यामा परेको छ ।

प्राधिकरण र निजी प्रवर्द्धकले सरकारलाई तत्काल इन्धन आपूर्ति गराए काम सञ्चालन गर्न सकिने जनाउँदै आएका छन् । इन्धन नभएकै कारण सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको काम ठप्प भएको छ । सो आयोजना आगामी असार मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि गत वैशाख १२ गतेको भूकम्प र भारतको अघोषित नाकाबन्दीका कारण थप एक वर्ष पर धकेलिने अवस्था देखिएको छ ।

यस्तै माथिल्लो साञ्जेन र साञ्जेन आयोजनाका लागि दैनिक एक हजार लिटर इन्धनको आवश्यकता पर्दछ । भारतको अघोषित नाकाबन्दीका कारण भन्सारमा सिमेन्ट, रडलगायतका सामग्री रोकिएका छन् भने सुरुङ निर्माण तथा अन्य भौतिक निर्माणको कामसमेत प्रभावित भएको आयोजना प्रमुख गिरिराज अधिकारीले जानकारी दिए । भूकम्पपछि गत असार १९ गतेबाट निर्माण सुरु भएको माथिल्लो सान्जेन र सान्जेन जलविद्युत् आयोजनाको काम गत असोज २६ गतेदेखि ठप्प छ, इन्धन अभावका कारण काम रोक्नु परेको छ, आयोजना प्रमुख अधिकारीले राससससँग भन्नुभयो( "भूकम्पपछि पनि थोरै समयमात्र रोकिएको आयोजना इन्धन सङ्कटका कारण रोकिँदा थप समस्या भएको छ ।" सान्जनेका दुईवटा आयोजना

बाँकी २ पृष्ठमा......

## पोखरामा पनि औषधि अभाव

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १२ मंसिर ।**

भारतको नाकाबन्दीले औषधि आयात नभएपछि पोखरामा पनि अभाव शुरु भएको छ । जसका कारण अस्पतालहरुको सेवा प्रभावित भएको छ । भारतीय नाकाबन्दीले सहज आपुर्ति नहुँदा अभाव शुरु भएको औषधि व्यावसायी संघ अञ्चल शाखा गण्डकी अध्यक्ष यामनाथ पौडेलले बताए । उनले भने-'पोखरामा केही औषधिहरु अभाव हुन थालेका छन्, सघन कक्षमा उपचारका लागि सुईबाट दिइने औषधिहरु अभाव हुन थालेको छ ।' अध्यक्ष पौडेलले सरकारी अस्पतालमा आईसीयू, एनआईसीयू, सीसीयूमा प्रयोग हुने औषधि अब सकिन लागेको बताए । तर, नीजि अस्पतालमा भने औषधिहरु केही सातालाई पुग्ने छ ।

पोखरामा अझै एक महिनाका लागि भने औषधिको हाहाकार भने भइनहाल्ने उनले दाबी गरे । पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराका मेडिकल सुपरिटेण्डेण्ट श्रीकृष्ण श्रेष्ठले अब दुई सातामा पनि नाकाबन्दी नखुले औषधिको पोखरामा हाहाकार मच्चिने बताए । पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा कार्वनडाइ अक्साइडको अभाव भएपछि दुरबिनबाट हेरेर गरिने अप्रेसन हुन छाडेको जानकारी दिए । उनले स्थिति नसुध्रिए अझै धेरै औषधि अभाव हुने र जसका कारण अस्पताल पूर्णरुपमा प्रभावित हुनसक्ने बताए ।

**नेपालको संविधानमा पिछडा वर्गको अधिकार**

***नेपालको संविधानमा पिछडा वर्गको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।***

❖सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
❖आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
❖सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका पिछडा वर्ग लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
❖सामाजिक रूपले पछाडि परेका पिछडावर्ग समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
❖आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
❖उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
❖सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
❖समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
❖पिछडा वर्ग समेतको हक अधिकारको संरक्षणका लागि सवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
❖नेपाली सेनामा पिछडा वर्ग समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
❖नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
❖सवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

■ कमाएर दाम जो भन्छ आफ्नै खाल्डो ऊ खन्छ ।

- *बालकृष्ण सम*

## सम्पादकीय . .

# उर्जा संकट र चर्चा

अहिले मुलुकमा जारी ऊर्जा संकटलाई समाधान गर्न सरकारले ऊर्जा संकटकाल घोषणा गर्ने तयारी गरेको समाचार सार्वजनिक भएको छ । विद्युत् उत्पादनलाई योजनावद्ध रुपमा अगाडि बढाउने संकल्पकासाथ उर्जा संकटकाल घोषणा गर्न लागिएको भनिएको छ । यो कुरा आफैमा सकारात्मक छ । तर संकटकाल घोषणा गर्नुपूर्व अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तयार गर्न भने सरकारले भुल्नु हुदैन । भारतीय नाकावन्दीले इन्धनका सवै स्रोतमा संकट सिर्जना भएपछि यसको विकल्प सवैतिरबाट खोजिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले देशवासीका नाममा गरेको सम्बोधनमा विधुतभार कटौती गर्न कम्तीमा पनि २०० मेघावाट विधुत उत्पादन गर्ने कार्यक्रम घोषणा गरे । त्यस लगतै सरकारले उर्जा संकटकाल घोषणाको तयारी गरेको बाहिर आएको छ । जनताले अनुभूति गर्ने गरी काम गर्ने र मुलुकलाई संकटबाट पार लगाउन उर्जा संकटकाल घोषणा अगाडि बढेको भनिएको छ । राम्रो वातावरण बनेमा नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रले निर्माण गरिरहेका विद्युत् आयोजनाबाट आगामी छ महिनाभित्र दुई सय मेगावाट विद्युत् उत्पादन हुन सक्ने सरकारले विश्वास लिएको छ । वास्तवमा यो संकटलाई अवसरमा परिणत गर्ने ध्येयका साथ आगामी तीन वर्ष ऊर्जा संकटकाल घोषणा गरेर कार्य सम्पादन गर्ने भनिएको छ । निश्चित लक्ष्य र कार्यकारी योजनासहित ऊर्जा संकटकाल घोषणा गर्न लागिएको हो भने यसलाई स्वागत गर्नु पर्दछ । हुन त हाल निर्माणका क्रममा रहेका आयोजना पूरा गर्ने र नयाँ आयोजना सुरु गर्ने उद्देश्यका साथ संकटकाल घोषणा गरिने र देखिएका सबै समस्यालाई समाधान गरिने उपप्रधान तथा उर्जा मन्त्री टोप वहादुर रायमाझीले बताएका छन । उनको भनाइ अनुसार ऊर्जा संकटकाल घोषणा भएपछि दश वर्षमा दश हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिनेछ । लक्ष्य मात्रै राखेर हुदैन, संकटकालमा काम पनि सोही गतिमा अगाडि बढाउन सक्नु पर्दछ । विगतका सरकारले ऊर्जा संकटकाल घोषणा गरे पनि काम भने अगाडि बढ्न सकेको थिएन् । २०६५ पुस ९ गते घोषणा गरिएको संकटकालले ऊर्जा क्षेत्रमा कुनै काम नै भएन । संकटकाल घोषणा गर्दा त्यतिवेला नीतिगत रुपमा धेरै कुरा गरिएको थियो तर कार्ययोजना आउनै सकेन । परिणामका लागि ऊर्जा संकटकाल घोषणा गर्ने हो भने कार्यकारी योजना पनि सँगै आउनुपर्दछ । योजना, कार्यक्रम र लगानीको ब्यवस्था गरी नीतिगत अवरोध र मन्त्रालयगत समन्वयलाई पनि मिलाएर अगाडि बढ्ने हो भने मात्र संकटकाल घोषणा गर्दा राम्रो हुन्छ । अहिले ऊर्जा क्षेत्रमा सबै किसिमका विकल्प खोज्नुपर्ने अवस्था आएको छ । यसका लागि राज्यले सबै प्रकारको विकल्प प्रयोग गर्न विशेष अफरको कार्यक्रम ल्याउनु पर्दछ, तव मात्रै उर्जा संकटकालको अर्थ रहनेछ । सरकारले वुझ्नु पर्ने मुख्य कुरा के हो भने अहिले सवैलाई परिणाममुखी काम चाहिएको छ, नामले मात्रै केही हुदैन् ।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल मंसिर १३ गते आइतबार, तदनुसार नवेम्वर २९ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार मार्गशीर्षकृष्णापक्ष चलिरहेको छ । सौरमान अनुसार आज मार्गशीर्षकृष्णापक्षको चतुर्थी तिथि ५० घटि २३ पला अर्थात रातिमा २ बजेर ४३ मिनेटसम्म त्यसउप्रान्त पञ्चमी तिथि लाग्नेछ । आज सूर्य वृश्चिम राशिमा, चन्द्रमा मिथुन राशिमा अहोरात्र रहनेछ । आज दिनमान २६ घटि २२ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३४ मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०७ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।

**वृष** : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।

**मिथुन** : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

**कर्कट** : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।

**सिंह** : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।

**कन्या** : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।

**तुला** : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।

**वृश्चिक** : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

**धनु** : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।

**मकर** : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।

**कुम्भ** : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।

**मीन** : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# भूकम्पपीडितमाथि कांग्रेस, कम्युनिष्टको पालैपालो बेइमानी



✍अमित ढकाल

वैशाखको महाभूकम्पपछि प्रमुख राजनीतिक दलहरू जुर्मुराए। मुलुक तहसनहस भएको भन्दै संविधान चाँडो ल्याएर पुनर्निर्माणमा जुट्ने बाचा गरे। नभन्दै मधेसी दलसँग मिलेर आन्दोलन गर्दै आएको एकीकृत माओवादी सरक्क संविधान लेख्ने कित्तामा सर्‍यो। यसले संविधान जारी हुन सम्भव पनि गरायो। यसैबीच पुनर्निर्माणको काम भने कांग्रेस-कम्युनिस्टको पालैपालो दाउपेचका कारण भुइँचालो गएको सात महिनापछि पनि अलपत्र परेको छ।

घर भत्केर अस्थायी टहरामा जीवन बिताउन बाध्य पीडितले हिउँद छिप्पिनै लाग्दा पनि राज्यले बाचा गरेको दुई लाख रुपैयाँ अनुदानको पहिलो किस्ताधरि पाएका छैनन्। बरु दु:खको घडीमा पनि जिम्मेवारीमा चुकेका राजनीतिक दल आरोप- प्रत्यारोपमा उत्रेका छन्। यो भूकम्पपीडितमाथि दलहरूले गरेको ठूलो राजनीतिक बेइमानी हो। पुनर्निर्माणको काम कतिसम्म लथालिङ्ग छ भने, गत असार १० गते सम्पन्न पुनर्निर्माण सम्मेलनमा दातृ निकाय तथा राष्ट्रले बाचा गरेको रकम भित्र्याउने कामसम्म सुरु भएको छैन। उक्त सम्मेलनमा अन्तर्राष्ट्रिय समुदायले चार सय अर्बको सहयोग गर्ने बाचा गरको थियो। भूकम्प गएको सात महिना बित्दा पनि सरकारले जम्मा ५५ अर्ब बराबर ऋण सहयोगको मात्र सम्झौता गर्न सकेको छ। त्यसको पनि कार्यान्वयन त बाँकी नै छ। अहिलेसम्म विश्व बैंकसँग भत्किएका घर पुनर्निर्माणका लागि ३० अर्ब, एसियाली विकास बैंकसँग भत्किएका स्कुल पुनर्निर्माणका लागि २० अर्ब र अन्तर्राष्ट्रिय मुद्रा कोषसँग बजेटरी सहयोगका लागि ५ अर्बको मात्र सम्झौता भएको छ। उक्त सम्मेलनमा भारतले १ सय २५ अर्ब, चीनले ८४ अर्ब, विश्व बैंकले ५० अर्ब, एसियाली विकास बैंकले ६५ अर्ब, जापानले २६ अर्ब, अमेरिकाले १३ अर्ब र एडिबीले १३ अर्ब सहयोग दिने बाचा गरेका थिए। राष्ट्रिय योजना आयोगले संयोजन गरेको 'पोस्ट डिनास्टर निड असेसमेन्ट' (पिडिएनए) अध्ययनले पुनर्निर्माणका लागि ६ सय ५० अर्बभन्दा बढी रकम आवश्यक पर्ने देखाएको थियो।

अर्थ मन्त्रालयमा गत बुधबार आयोजित छलफलमा दातृ निकायका स्थानीय प्रतिनिधिले ऐन निर्माण गरेर पुनर्निर्माण प्राधिकरण तुरुन्त गठन गर्नुपर्ने, अन्यथा सहायता प्रभावित हुने चेतावनी दिए। १३ अर्ब बजेटरी सहायता दिने बचन दिएको युरोपियन युनियनले प्राधिकरण गठन नभई सहयोग नदिने सर्त मात्र राखेको छैन, सहयोगको रकम नै फिर्ता जानसक्ने चेतावानीसमेत दिएको छ। 'विदेशीले एकपटक सहयोगको बाचा गरे भन्दैमा हामीले समयमा पैसा नल्याउने हो भने सधैं रहिरहन्छ भन्ने छैन,' अर्थ मन्त्रालयका एक अधिकारीले भने,-'उनीहरूले सहायता गर्नुपर्ने हजार ठाउँ हुन्छन्।'

यस्तो अवस्थामा पनि सरकारले भने भारत, चीन तथा अमेरिकाजस्ता ठूला दातृराष्ट्रसँग उनीहरूले कहाँ लगानी गर्ने भन्ने छलफलसम्म अघि बढाएको छैन। जापानले भने प्राधिकरण गठन तथा ऐन निर्माण नभए पनि छलफल अघि बढाएको छ र सम्झौता हुने क्रममा छ।

पुनर्निर्माणका लागि कानुन बनाउने तथा पुनर्निर्माण प्राधिकरण गठनको काम राजनीतिक दाउपेच र पार्टीहरूको साँघुरो स्वार्थमा अल्झेको छ। प्राधिकरण गठनका लागि अध्यादेश जारी गर्ने बेलामै राजनीतिक हानथाप सुरु भएको थियो। पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले एमालेको सहयोगमा आफू अनुकूल ऐन बनाई प्राधिकरणको प्रमुख कार्यकारी बन्ने प्रयास गरेका थिए। संसदको दुईतिहाइले मात्र प्राधिकरणको प्रमुख कार्यकारी हटाउन पाउने गरी अध्यादेश बनाउने कसरत भट्टराईले गरेपछि एमाले अध्यक्ष केपी ओली र एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल त्यसबाट पछि हटे।

अन्तिम समयमा पुनर्निर्माण सम्मेलनको केही दिनअघि प्राधिकरण अध्यादेश जारी भयो। तर, फेरि प्रमुख कार्यकारी नियुक्तिमा सत्तारुढ कांग्रेस र एमालेबीच हानथाप चल्यो। अन्ततः प्रधानमन्त्री सुशील कोइरालाले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा आफ्ना विश्वासपात्र गोविन्द पोखरेललाई उक्त पदमा नियुक्त गरे।

तर, कांग्रेस सरकार पुन:निर्माणप्रति यति लापरबाह र गैरजिम्मेवार देखियो कि पुनर्निर्माण अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक समयमै संसदमा लैजान भुल्यो। समय घर्किसकेपछि पनि विधेयकलाई संसदमा प्रवेश गराउने बाटा थिए, तर एमाले र एमाओवादीले त्यसो हुन दिएनन्। सत्ता फेरिएपछि आफ्नो पोल्टामा प्राधिकरण पार्ने दाउपेचमा उनीहरूले विधेयक तुहाइदिए। यसरी गठन प्रक्रियामै रहेको प्राधिकरण गैरकानुनी मात्र भएन, प्रमुख कार्यकारीको हैसियत पनि सकियो। पुनर्निर्माणको काम लथालिंग भयो।

नयाँ सरकार बनेपछि एमाले-एमाओवादी गठबन्धन पुरानो विधेयक परिमार्जन गरी संसदमा नयाँ विधेयक पेस गर्ने पक्षमा छ। प्रमुख कार्यकारी पनि नयाँ नियुक्त गर्ने उनीहरूको दाउ छ। कांग्रेस भने पुरानै विधेयक र पुरानै कार्यकारीलाई निरन्तरता दिनुपर्ने अडानमा टसमस हुन तयार छैन।

कांग्रेसको अहिलेको भूमिका संसदीय व्यवस्थाको आधारभूत सिद्धान्त विरुद्ध छ। संसदमा जसको बहुमत, सरकार उसैले बनाउने हो। नियम-कानुन पनि उसैले ल्याउने हो। त्यही भएर, संसदीय पद्धतिमा सरकारलाई संसदको 'एक्स्टेन्सन' भनिएको हो। यहाँ प्रतिपक्षी दलको भूमिका जहिले पनि जनताका तर्फबाट खबरदारी गर्ने मात्र हो।

सरकारको सबैभन्दा ठूलो जिम्मेवारीसँग जोडिएको र ६ सय ५० अर्बभन्दा धेरै लगानीको पुनर्निर्माण कार्य कांग्रेस आफूले नियुक्त गरेका प्रमुख कार्यकारीले गर्न पाउनुपर्छ भन्दैछ। प्रस्टै छ, पुनर्निर्माणको काम सरकारले गर्ने हो र त्यसको जस-अपसज पनि सरकारले नै बोक्ने हो। प्रतिपक्षको भूमिका त पुनर्निर्माण ठीकसँग भएको छ कि छैन भनेर निगारानी गर्ने हो। जनतालाई सुसूचित गर्ने हो। सरकार त्यो काममा असफल भयो भने त्यही मुद्दा उठाएर अर्कोपटक सत्तामा पुग्न प्रयास गर्ने हो। पुनर्निर्माणको हलो अड्काउने हुँदै होइन। भूकम्पले काठमाडौं उपत्यकाको भू-स्थिति नै परिवर्तन गरिदियो। काठमाडौं थोरै दक्षिण सर्‍यो। हाम्रो राजनीतिको चरित्र भने परिवर्तन भएन, विकास र सुशासनलाई लिएर पार्टीहरूको दृष्टि परिवर्तन भएन।

'भूकम्पपछि हाम्रो प्रशासन बदल्ने, ढिलासुस्ती हटाउने, भ्रष्टाचार घटाउने र सही अर्थमा पुनर्निर्माणमार्फत् अर्थतन्त्रलाई गतिशील बनाउने ठूलो मौका थियो,' अर्थ मन्त्रालयका अर्का अधिकारीले भने, 'तर, हामीले केही गर्न नसक्ने भयौं, हाम्रा पार्टीको चरित्रलाई कहिले पनि बदल्न नसकिने रहेछ। देश भाँडमा जाओस्, जेमा पनि राजनीति गर्‍या छ, जेमा पनि आफ्नै स्वार्थ मात्र हेर्‍या छ।'

साभार : सेतोपाटी

# गल्फ सम्पन्न

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १२ मंसिर ।

हिमालय गल्फ कार्ष पोखरा १८ मजेरी पाटनमा रहेको हिमालय गल्फ क्लब कास्कीको आयोजनामा गल्फ खेलको विकास र गल्फर्सहरुको प्रगतिका लागि प्रत्येक महिना हुने मन्थ्ली मेडल गल्फ प्रतियोगिता शनिबार सम्पन्न भएको छ । प्रतियोगितामा १२ गल्फर्सहरुको सहभागिता रहेको थियो । प्रतियोगिता स्टेबल फोर्ड ७८ को आधारमा खेलाईएको थियो जसमा जय नटेजले ३७ अंक प्राप्त गरी यो महिनाको बिजेता भएका छन् । त्यस्तै मेजर लक्ष्मी प्रसाद गुरुङले ३१ अंक प्राप्त गरी दोस्रो भएका छन् । बिजेता गल्फर्सहरुलाई सेनियर गल्फर मेजर चन्द्र बहादुर गुरुङले ट्रफी प्रदान गरेको गल्फ कास्कीका अध्यक्ष मेजर लक्ष्मी प्रसाद गुरुङले जानकारी दिए ।

# कास्कीमा ब्यावसायिक कृषिफार्म दर्ता अभियान

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १२ मंसिर ।

वास्तविक किसान पहिचानका लागि कास्कीमा व्यावसायिक कृषि फार्म दर्ता अभियान सुरु गरिएको छ। जिल्ला कृषि विकास कार्यालय कास्कीले यस आर्थिक वर्षदेखि यो अभियान सञ्चालन गरेको हो । कार्यालयबाट दिने अनुदान वास्तविक किसानसम्म पुऱ्याउन र किसानको सही अभिलेख राख्न यो अभियान सञ्चालन गरिएको कार्यालयका मत्स्य विकास अधिकृत डा. प्रभात न्यौपानेले जानकारी दिए । 'कतिपय किसानहरु घरेलुमा गएर फर्म दर्ता गर्ने त कतिले फर्म दर्ता नै नगर्ने गरेको हामीले पायौं,' उनले भने-'अनुदान दिन र तथ्याङ्क सङ्कलन गर्न सहज बनाउन यो अभियान सञ्चालन गरेका हौं ।' व्यावसायिक कृषि फार्म दर्ता गर्न तीन रोपनीभन्दा माथि तरकारीखेती वा टनेल बनाएको, सात रोपनीभन्दा माथि अन्नबाली गरेको, तीन रोपनीभन्दा माथि माछा पोखरी भएको, पाँच रोपनीभन्दा माथि फलफूल खेती गरेको, २० घारभन्दा माथि मौरी घार भएको हुनु पर्ने प्रावधान रहेको छ। यीमध्ये कुनै एक क्षेत्रमा काम गरेको कृषक छ भने त्यस्ता कृषकले व्यावसायिक कृषि फार्म दर्ता गर्न पाउने छन् । जिल्ला पशु कार्यालय कास्कीले यो कार्यक्रम यस अघि नै सञ्चालन गरे पनि जिल्ला कृषि विकास कार्यालय कास्कीले भने यस वर्षदेखि गरेको हो ।

## नेपाल...

*भारतबाट प्रतिमहिना रु दुई अर्बको चामल आयात गर्ने गरेको वाणिज्य तथा आपूर्ति मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । स्वदेशबाट अलैंची, अदुवा, कुचो, चिया, कफी, गहुँ, निर्यात हुँदै आएको छ । कृषि विकास रणनीतिमा चार हजार सामुदायिक कृषि प्रसार सेवा केन्द्रमा एक कृषि, एक पशु र एक कृषि सूचना तथा सञ्चार प्राविधिकको व्यवस्था गर्ने, बाली मत्स्य तथा पशुधनको बिमालाई व्यवसायिक कृषिमा अनिवार्य गराइने, किसानको वर्गिकरण गरी परिचयपत्र वितरण गर्ने, आगामी आवभित्र सबै जिल्लामा माटो परीक्षण गर्न लघुप्रयोगशाला स्थापना गर्ने र भूउपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने उल्लेख छ ।*

*जमिन वा अन्य अचल सम्पत्ति मात्र नभई समूह र परियोजनालाई समेत धितो मानी किसानलाई ऋण उपलब्ध गराइने छ । साथै बैकिङ क्षेत्रबाट कृषि क्षेत्रमा लगानी गर्नुपर्ने १५ प्रतिशत कर्जा प्रवाहलाई अनिवार्य गराइने छ । दुग्ध बिदा हुन नदिन दूध सङ्कलनको व्यवस्था तथा दूधजन्य पदार्थका विविधीकरणमा आधारित उद्योग विकाससम्बन्धी प्रारम्भिक अध्यन गरिने, राष्ट्रिय किसान आयोगको गठन, रासायनिक मल कारखाना स्थापना कार्यान्यनमा जोड दिइने विषय समेत रणनीतिमा उल्लेख छ । रासस*

## विद्युत्...

*निर्माणका क्रममा रहेका छन् । माथिल्लो सान्जेनको क्षमता १८.८ मेगावाट रहेको छ भने सान्जेनको क्षमता ४२.५ मेगावाट रहेको छ । २०७४ को साउन भदौसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको ती दुई आयोजना भूकम्प र इन्धन अभावका कारण एक वर्ष पछाडि धकेलिएको आयोजना प्रमुख अधिकारीले बताए । राष्ट्रिय गौरवका आयोजनालाई सम्भव भएसम्म इन्धन उपलब्ध गराउने सरकारको तयारी रहेको छ । वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव शिवप्रसाद त्रिपाठीले सरोकारवाला निकायसँगको छलफलपछि निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनालाई इन्धन उपलब्ध गराउने र निर्माण सुरु गर्ने लक्ष्य राखिएको बताए।*

*उपप्रधानमन्त्री एवम् ऊर्जामन्त्री टोपबहादुर रायमाझीले निकट भविस्यमा नै ऊर्जा सङ्कटकाल घोषणा गर्ने तयारी गरिरहेका छन् । उपप्रधानमन्त्री रायमाझीका प्रमुख स्वकीय सचिव विधान रायमाझीले मन्त्रालय आवश्यक योजनाका साथ विद्युत् सङ्कटकाल घोषणा गर्ने तयारीमा लागेको र निर्माणाधीन आयोजनालाई इन्धन उपलब्ध गराई निर्माण सुरु गराउने तयारीमा लागेको बताए । निर्माणाधीन आयोजना इन्धन अभावका कारण एक वर्षभित्र विद्युत्भार कटौती गर्ने सरकारको योजना पूरा हुन समस्या पर्ने भएकाले त्यसलाई ध्यान दिइएको छ । उपप्रधानमन्त्री रायमाझीको भनाइ उद्धृत गर्दै उनले भने-"सबै पक्षको छलफलका आधारमा निर्माणाधीन आयोजनालाई इन्धन उपलब्ध गराउन लागिएको हो ।" विद्यालय, खानेपानी, सञ्चारमाध्यम र अन्य अत्यावश्कीय सेवालाई जसरी इन्धन उपलब्ध गराउने लक्ष्यका साथ आवश्यक तयारी भएको मन्त्रालयले जनाएको छ । रासस*

# समाजसेवी पौडेलको निधन

**पोखरा १२ मंसिर ।(गोल्डेन)**

पोखरा उपमहानगर पालिका वडा नं.२९ निवासी समाजसेवी चन्द्रकान्त पौडेलको निधन भएको छ। पौडेलको बिहीबार राति ११ वजे शहिद गंगलाल मेमोरियल हस्पिटल काठमाडौंमा निधन भएको हो । हृदयघात भएपछि काठमाडौंमा उपचार गर्न लगेका पौडेलको हस्पिटलमा नै निधन भएको आफन्तले जनाएका छन् । पौडेलका एक श्रीमती, दुई छोरा, र तीन छोरी रहेका छन् । पौडेलको शुक्रबार विहान दाहासंस्कार गरिएको थियो । पौडेल एकीकृत नेकपा माओवादीको तत्कालिन गाँउ जनसरकार प्रमुख हुँदै कास्की जिल्ला सदस्य र जिल्ला सल्लाहकार भएर पार्टीमा लामो समयसम्म काम गरिसकेका छन् । यसैबीच एकीकृत नेकपा माओवादी पोखरा-२९ हेमजाले एक प्रेश विज्ञप्ति प्रकाशित गरि पौडेलको निधन प्रति दु:ख व्यक्त गरेको छ। अध्यक्ष मनबहादुर खत्रीद्वारा जारी गरिएको विज्ञप्तिमा पौडेल पार्टीको एक अभिभावकको रुपमा रहेको उल्लेख गर्दै उनको निधनले पार्टीले एक कुशल अभिभावक गुमाएको बताईएको छ। विज्ञप्तिमा पौडेलको निधन पार्टीलाई ठूलो क्षति भएको बताउदै यस दु:खद घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सनतप्त परिवारजनप्रति समवेदना प्रकट गरिएको छ। यसैबिच एकीकृत नेकपा माओवादी कास्कीले १३ दिनको पुण्य तिथिमा श्रद्धाञ्जली सभा कार्यक्रम आयोजना गर्ने बताईएको छ।

# भागवत कथा शुरु

**काठमाडौं १२ मंसिर ।**

विश्व शान्ति र कल्याणका लागि स्थानीयस्तरबाट सहयोग पुऱ्याउने उद्देश्यले धोबीखोला किनारको सेतोपुलस्थित रुद्रविनायक मन्दिर परिसरमा श्रीमद्भागवत सप्ताह कथा सुरु भएको छ । विश्वशान्ति अभियान नेपालको आयोजनामा शुक्रबारबाट सुरु गरिएको कथा मङ्सिर १९ गतेसम्म सञ्चालन हुनेछ । "आनन्द, सुख र शान्तिका लागि भागवतसँगै योग," भन्ने मूल नाराका साथ स्थापना भएको अभियानले विश्वशान्तिको कामनाका लागि १०८ स्थानमा गर्ने भागवत कथामध्ये यो दोस्रो भएको अध्यक्ष भागवतकिङ्कर मुरलीधर पोखरेलले बताए ।

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी गडवडी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

पोखरामा पहिलो पटक
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेननिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# स्वयंसेवी मानवअधिकार रक्षक सञ्जालमा थापा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १२ मंसिर ।**




स्वयंसेवी मानवअधिकार रक्षक सञ्जाल, नेपालको पोखरामा शनिबार सम्पन्न प्रथम वार्षिक साधारणसभाले तारामाया थापा मगरको संयोजकत्वमा नयाँ नेतृत्व चयन गरेको छ । सञ्जालको पहिलो साधारणसभाले नै सर्वसम्मत रुपमा महिलालाई नेतृत्व प्रदान गर्दै अन्य सदस्य चयन गरेको हो । सहसंयोजकमा धिरज थापा, प्रवक्तामा सम्मरबहादुर श्रेष्ठ, सह-प्रवक्तामा रञ्जन अधिकारी क्षत्री र अर्थ संयोजकमा पवित्रा जिसीलाई चयन गरेको छ ।

अन्य सदस्यहरु संयोजकले आवश्यकता अनुसार चयन गर्ने सञ्जालले बताएको छ । सञ्जालले तराई मधेशमा एक सय दिन बढि समयदेखि चलेको आन्दोलन हिंसात्मक बन्दै गएको ठहर गर्दै तत्काल आन्दोलनरत पक्षलाई वार्तामा आउन र सरकारले पनि वार्ता संवादमार्फत नै समस्या हल गर्नुपर्ने ठहर गरेको छ । मधेशीका मागको नाममा भारतले गरेको अघोषित नाकाबन्दीले नागरिक खान पाउने अधिकारबाट समेत वञ्चित हुने अवस्था आउन सक्नेतर्फ सचेत गराउँदै सञ्जालले औषधि, ईन्धन जस्तो अत्यावश्यक वस्तुमा अवरोध नगर्न पनि आग्रह गरेको छ । मानवअधिकार पक्षको समेत ख्याल राख्दै नाकामा अवरोध गर्नुजस्तो कानुनत: दण्डनीय क्रियाकलाप नगर्न पनि अनुरोध गरेको छ । साधारणसभाको अवसरमा बोल्ने वक्ताहरुले विपन्न, अल्पसंख्यक, दलितहरुको समग्र पक्षको उन्नतिका लागि नेपाल पक्ष रहेका मानवअधिकार सम्बन्धी अभिसन्धीहरुको कार्यान्वयन गर्नुपर्ने सबैको जिम्मेवारी रहेको बताउँदै अधिकारकर्मीको झनै ठूलो भूमिका रहने बताए । संक्रमणकाल लम्बिएको, विधिको शासन कागजी रुपमा सीमित र दण्डहिनता मौलाईरहेको हाम्रो जस्तो समाजमा मानवअधिकार रक्षा गर्नु आफैंमा चुनौतिपूर्ण कार्य रहेकाले मानवअधिकार उल्लंघनका घटनामा पनि खासै कमी आउन नसकेको उनीहरुको भनाई छ ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय पोखराकी निमित्त निर्देशक सम्झना शर्माले तराई मधेशमा जारी आन्दोलन र त्यसपछि भएको नाकाबन्दीले नागरिकहरु मानव अधिकारको सामान्य सिद्धान्तबाट समेत बञ्चित हुनुपरेको उल्लेख गरिन् । मानवअधिकारको रक्षाका सवालमा चुनौति खडा हुँदै गएको उल्लेख गर्दै उनले नागरिकको आधारभुत आवश्यकता पुरा हुनुपर्ने अधिकार, बाल अधिकार, महिला अधिकार लगायतका सवालमा सबै एकजुट भएर अघि बढ्नुपर्ने खाँचो समेत औंल्याईन् । स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्णप्रसाद बाँस्तोलाले मानव अधिकारवादीको खोल ओढेर राजनीति गर्ने परिपाटी समेत रहेको गुनासो सुनिदैं आएकाले यसतर्फ सचेत बन्दै मानवअधिकारको सिद्धान्त अवलम्बन गरी अघि बढ्न सुझाव दिए । राष्ट्रिय मानव अधिकार प्रतिष्ठान, कास्कीका संस्थापक लेखबहादुर थापाले वर्षौंअघि मानवअधिकार सम्बन्धमा बोल्न समेत मान्छे नपाउने अवस्थामा अहिले यस विषयमा सबै गम्भीर भएकोमा खुशी व्यक्त गरे ।

नेपाल मानवअधिकार संगठन पश्चिमाञ्चल संयोजक नरेन्द्र बास्तोलाले मधेशी मोर्चाको आन्दोलन मुलुक नै असफल पार्न तबरले भईरहेको टिप्पणी गर्दै नाकामा बसेर एम्बुलेन्स जलाउने, यात्रुबाहक बसमा ढुंगा प्रहार गर्ने, औषधि गाडीमा आगजनी गर्ने जस्तो मानवअधिकार विरुद्धको हर्कतको जति आलोचना गरेपनि कम हुने बताए । संविधान सूचना केन्द्र पोखराकी प्रमुख अधिवक्ता जुनाकुमारी गुरुङ, महिला मानव अधिकार रक्षक सञ्जाल कास्कीकी अध्यक्ष सरिता थापा, कार्यक्रममा एम्नेष्टी ईन्टरनेशनल समूह ५४ का संयोजक नवीन बराल, सञ्चारिका समूह पश्चिमाञ्चल संयोजक जमुना शर्मा वर्षा, मानव मिलन नारी जागरण नेपालकी अध्यक्ष पार्वती पौडेल लगायतले आन्दोलन गर्दा मानवअधिकार पक्षमा ख्याल गर्न सचेत गराएका थिए । यस्तै, सञ्जालमा महिला नेतृत्व स्थापित गरेर लैंगिक समानताको पक्षमा उभिएकोमा समेत उनीहरुले आभार व्यक्त गरे ।

कार्यक्रमको अध्यक्षता सञ्जालका संयोजक रामबहादुर पौडेलले गरेका थिए । सहभागीलाई स्वागत गर्दै उनले विदेशी पैसा कहिल्यै नलिने गरी सञ्जालले स्वखर्चमा कार्यक्रमहरु सञ्चालन गर्ने र मानवअधिकारको पक्षमा सधैं लागिरहने बताए । कार्यक्रमको सञ्चालन प्रवक्ता धिरज थापाले गरेका थिए । अर्थ संयोजक सम्मरबहादुर श्रेष्ठले वार्षिक आर्थिक हिसाबकिताव सार्वजनिक गरे ।

# भारतीय गतिविधिप्रति अनेरास्ववियुद्वारा ध्यानाकर्षण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १२ मंसिर ।**



अनेरास्ववियु भुगोल जिल्ला कमिटी कास्कीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाएको छ । यहि मंसिर ९ गते सुनसरी जिल्लाको हरिपुर गाविसमा भारतीय सीमा सुरक्षाबल प्रवेश गरी अन्धाधुन्ध गोली चलाउँदा चार जना घाईते भएको विषयमा नेपाल स्थित भारतीय राजदुताबासको कार्यालयले नेपालीहरुलाई गोली प्रहार नगरेकोप्रति दु:ख व्यक्त गर्दै प्रम ओलीलाई ज्ञापन पत्र बुझाएको हो । साथै विज्ञप्ती जारी गरेकोमा भारतिय राजदूत, घटनाका दोषी एसएसबीका जवान र योजनाकारहरुलाई कारवाही लागि अन्तर्राष्ट्रिय अदालतमा उभ्याउनुपर्ने भन्दै प्रमुख जिल्ला अधिकारी कास्की मार्फत नेपाल सरकारलाई ज्ञापन पत्र बुझाएको छ । अन्तर्राष्ट्रिय सन्धि सम्झौता उल्लङ्घन गर्दै अमानवीय रुपमा नाकाबन्दी गर्ने, खुलमखुल्ला नेपाल प्रवेश गरी नेपाली नागरीकामाथि गोलि प्रहार गर्ने, भारतीय लोकसभाका सांसदले नेपालको भूमि भारतकै हो भन्ने जस्ता हेपाहा अभिव्यक्ति दिनु भारतको नेपाल प्रतिको कुदृष्टि भएको हुँदा यस्तो अवस्थामा पनि नेपाल सरकार टुलुटुलु हेरेर बस्न नहुने भन्दै अब यो समस्या समाधानको लागि अन्तर्राष्ट्रिय अदालत जानु पर्ने ज्ञापन पत्रमा जनाईएको छ । अनेरास्ववियु भूगोल जिल्ला कमिटी कास्कीका अध्यक्ष शेखर गौतमद्वारा हस्ताक्षरित ज्ञापन पत्रमा राष्ट्र जोगाउनका लागि गरिने नेपाल सरकारको जस्तो कै कदममा अनेरास्ववियुले साथ दिने बताईएको छ । ज्ञापन बुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी चन्द्रनाथ गौतमले विद्यार्थीले उठाएका कुराहरु समयसान्दर्भिक रहेको र यसलाई कार्यान्वयन गराउने तहमा पुऱ्याउने बचन दिएका थिए ।

# ध्रुवतारा सहकारीको अध्यक्षमा पुन:गौतम

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १२ मंसिर ।**

ध्रुबतारा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको पाँचौ बार्षिक साधारणसभा तथा तेश्रो अधिबेशनले पुन: जगदिश गौतमलाई अध्यक्षमा चयन गरेको छ । कार्यसमितिको उपाध्यक्ष, सचिव र कोषाध्यक्षमा क्रमश: भक्त बहादुर लामिछाने, विजयराज पगेनी र गुणनिधि सुबेदी चयन भएका छन । त्यसैगरी सदस्यहरुमा कृष्ण प्रसाद बराल, चन्द्रकान्त बराल, बाबुराम तिवारी, सुरत बहादुर रानाभाट र हरिबहादुर थापा रहेका छन् । लेखा समितिको संयोजकमा पोष्टराज पौडेल चयन भएका छन भने सदस्यमा लक्ष्मी पौडेल अधिकारी र अनिल सुनार चयन भएका छन ।

यस अघि कार्यक्रमको उद्घाटन गर्दै मनोविश्लेषक डा. गेहेन्द्रमान उदास पोखेलीले नेपालको आर्थिक विकासका लागि सहकारी सशक्त र प्रभावकारी साधनको रुपमा प्रयोग भएको बताए । उनले सहकारी संस्थाहरुले सहकारीको भावना, मूल्य मान्यता र सिद्धान्त अनुरुप अनुशासित ढंगले काम गनेपर्नेमा समेत जोड दिए । गरिबी निवारणका लागि सहकारीले महत्वपूर्ण भूमिका खेल्ने उनको विश्वास थियो ।

संस्थाका अध्यक्ष जगदीश गौतमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थापक अध्यक्ष शिब प्रसाद पराजूली, कानूनी सल्लाहकार ज्ञानेश्वर पराजूली, सल्लाहकार सूर्य बहादुर खड्का बिर्खची, सेयर सदस्य तथा कियाशील पत्रकार महिला समूह कास्कीका अध्यक्ष सरिता तिम्सिना पगेनी, पृथ्वीनारायण क्याम्पसका उप-प्राध्यापक हिक्मत बहादुर केसी, नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी समितिका अध्यक्ष शिब राज बाँस्तोला, कर सहयोगी संस्थाका केन्द्रीय उपाध्यक्ष नारायण प्रसाद उपाध्याय, संचार बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष प्रेम प्रसाद दाहाल लगायतले आ-आफ्नो भनाइ राखेका थिए । कार्यकममा संस्थाका अध्यक्ष जगदीश गौतमले संस्थाको प्रगति प्रतिबेदन, कोषाध्यक्ष अनिल सुनारले आर्थिक प्रतिबेदनका साथै लेखा समितिका संयोजक बाबुराम तिवारीले लेखा समितिको प्रतिबेदन प्रस्तुत गरेका थिए । कार्यकममा संस्थाका उपाध्यक्ष भक्तबहादुर लामिछाने र सचिब बिजयबाबू पगेनीले पनि बोलेका थिए ।

# पत्रकार श्रीसको मगर मुक्तक संग्रह ‘घरी–घरी’को विमोचित





## विदेश जानेहरूका लागि सुवर्ण अवसर

**Macow, Abudabi** को **Spark, Middle East, Star** र **Al Jaber Coin** दुवई र कतारको **Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

**हाम्रा विशेषताहरू :-** अन्तर्वार्ता धमाधम भइरहेको छ ।

❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।

❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

## हार्दिक समवेदना

जन्म: वि.स.:२००४/०६/०५



स्वर्गारोहण वि.स.:२०७२/०६/३०

**स्व. ध्रुवकुमार श्रेष्ठ**

अमरसिंहचोक टोल विकास संस्था पोखरा-१० का सदस्य श्री प्रविणकुमार श्रेष्ठका पुजनीय पिता ध्रुवकुमार श्रेष्ठको असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं । उहाँको निधन भएको आज ४५औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

कृष्णबहादुर थापा
अध्यक्ष एवं
**अमरसिंहचोक टोल विकास संस्था पोखरा-१० परिवार**

## Study in Japan

Intake for January & April-2016

City of your choice

Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...

& China
Dalian | Nantong

1. SLC मा उतिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students

Free Processing for Master, Bachelor & +2 First Divison Students*

Contact: WE MAKE YOUR FUTURE BRIGHT

**MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY**
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

जीवन के.सी. मो. ९८५६०-३८०६६ ९८०६६-४०८८५

## पञ्चमुखी लक्ष्मी सप्लायर्स

हबेलीमार्ग, काजीपोखरी
पोखरा-१८

Sooltee

विवाह, ब्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

## ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

## अमेरिकन डेब्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।

**आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.**
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

## खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

## बैंक व्यालेन्स

बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

“रंगहरूको अन्तिम गन्तव्य”

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

## योर्स ट्रेड कन्सर्न

*सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

## सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**World Int'l Travels & Tours Pvt. Ltd.**
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

# कपडा व्यवसायी एशोसिएशनद्वारा पोशाक वितरण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १२ मंसिर ।**

कपडा व्यवसायी एशोसिएशन पोखराले कास्कीकोट-९, गैराबारी बान्द्रेस्थित श्री विजया प्राविका विद्यार्थीहरुलाई विद्यालय पोशाक वितरण गरेको छ । शनिबार विद्यालय प्राङ्गणमा आयोजित एक कार्यक्रमका बीच विद्यालयमा अध्ययनरत २६ जना विद्यार्थीहरुलाई पोशाक वितरण गरेको हो । संस्थाका अध्यक्ष यामनाथ तिमिल्सिनाको नेतृत्वमा महासचिव नविन नापित, कोषाध्यक्ष जीवन प्रकाश श्रेष्ठ, कार्यक्रम संयोजक मिनबहादुर अधिकारी, सदस्यहरु सत्यनारायण खेतान, अनिल सिग्देल, राजेन्द्र राणा, लेखनाथ पौडेल र पत्रकार हरि पन्त पोशाक वितरण कार्यक्रममा सहभागी थिए ।



विद्यालय व्यवस्थापन समिति अध्यक्ष हिक्मत बहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयमा अध्ययनरत कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई पोशाक वितरण गरिएको थियो । त्यस अवसरमा बोल्दै अध्यक्ष तिमिल्सिनाले संस्थाको सामाजिक उत्तरदायित्वलाई मध्य नजर गर्दै विद्यालयमा पोशाक वितरण गरेको हो । उनले भने-'यो स्कूलमा मैले पनि अध्ययन गरे, विद्यालयको व्यवस्थापन समितिमा पनि बसेर काम गरें । अहिले सानो भएपनि सहयोग गर्न पाउँदा धेरै खुशी लागेको छ ।' यस्ता सहयोगलाई आगामी दिनमा पनि निरन्तरता दिने उनले प्रतिवद्धता जनाए । साथै उनले विद्यालयमा विद्यार्थीहरु घढ्दै गएकोमा चिन्ता प्रकट गरे । आफूले पढ्दा कक्षा १ मै २५० जना विद्यार्थीहरु हुँदा बस्ने ठाउँ निकै समस्या रहेको स्मरण गर्दै उनले अहिले विद्यालयमा जम्मा २६ जनामात्र विद्यार्थी हुनु निकै चिन्ताको विषय भएको बताए । उनले विद्यालयमा गुणात्मक शिक्षा प्रदान गर्न सके विद्यार्थीहरु बजार बाटै फर्कने स्पष्ट पार्दै विद्यालयमा अंग्रेजी पढाइ शुरु गरे आफूले सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाए ।

कार्यक्रममा कार्यक्रम संयोजक मिनबहादुर अधिकारीले व्यक्तिगत रुपमा सबै विद्यार्थीलाई एक/एक स्वीटर सहयोग गर्ने प्रतिवद्धता जनाए । त्यस अवसरमा बोल्दै उनले अति विपन्न वर्गका विद्यार्थीहरुलाई सानै सहयोगमा भएपनि पोशाक महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । त्यस अवसरमा बोल्दै विद्यालयका प्रधानाध्यापक सुरेश बहादुर रानाभाटले कपडा व्यवसायी एशोसिएशन र मिनबहादुर अधिकारीले गरेको सहयोग विद्यार्थीहरुका लागि महत्वपूर्ण हुने बताए । उनले स्थानीय एवं कपडा व्यवसायी एशोसिएशनका अध्यक्ष यामनाथ तिमिल्सिनाको सहयोगमा खानेपानी ट्याङ्की निर्माण, र बाबा फाउण्डेशन पोखराको सहयोगमा विद्यालयको छानामा रङ्गरोगनका साथै अन्य केही संस्थाको सहयोगमा विद्यार्थीहरुलाई खाजाको व्यवस्था भएको स्पष्ट पार्दै अन्य सहयोग पनि थपिने आशा व्यक्त गरे ।

उनले अहिले हुने खाने र हुँदा खाने अवस्थामा विद्यालय चलिरहेको भन्दै ग्रामीण भेगका विद्यालयमा अध्ययन गर्नेहरु बाध्यतावस मात्रै अध्ययन गरिरहेको बताए । कार्यक्रममा विद्यालयका पूर्व प्राधानाध्यापक पूर्णाखर सुवेदीले आफू विद्यालयको प्रधानाध्यापक भएर आउँदा २५० विद्यार्थी भएको स्कूलमा अवकाश पाउँदा ३६ जनामात्र विद्यार्थीहरु निकै दु:ख लागेको बताए । उनले विभिन्न योजना र अभियानका साथै विद्यालयमा शिक्षाको गुणस्तर बढाएर सहर केन्द्रित विद्यार्थीलाई फर्काउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा स्थानीय एवं पोखराका प्राध्यापक वेदहरि तिमिल्सिना, विद्यालय शिक्षक शेषराज तिमिल्सिना, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बस्नेत लगायतले आ-आफ्नो भनाइ राखेका थिए । वि.सं. २०२९ सालमा स्थापित उक्त विद्यालयमा हाल ४ जना स्थायी र १ अस्थायी दरबन्दी रहेका छन् ।

# अन्तर सहकारी फुटसलको उपाधि शिखरलाई

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १२ मंसिर ।**

शिखर बहुउद्देश्य बचत तथा ऋण सहकारी संस्थाले शनिबार पोखरामा सम्पन्न भएको प्रथम अन्तर सहकारी फुटसल प्रतियोगिता २०७२ को उपाधि जितेको छ । पोखरा गैह्रापाटन लिचिवोट पार्टी प्यालेससंगै रहेको पोखरा फुटसलमा आयोजना भएको प्रतियोगिताको फाइनल खेलमा शिखर सहकारीले मितेरी बचत तथा ऋण सहकारी संस्थालाई ४-० को गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो । उपाधि सहित शिखर सहकारीले २२ हजार २ सय २२ रुपैया साथमा ट्रफि, मेडल र प्रमाण-पत्र प्राप्त गऱ्यो । शिखरको जितमा मिलन गुरुङले ४ गोलको योगदान दिएका हुन् । उपविजेता भएको मितेरी सहकारीले १५ हजार ५ सय ५५, तेश्रो भएको भिजन बचत तथा ऋण सहकारी संस्थाले ८ हजार ८ सय ८८ रुपैया र चौथो भएको भैरव बचत तथा ऋण सहकारी संस्थाले ५ हजार ५ सय ५५ रुपैया साथमा ट्रफि मेडल प्रमाण पत्र प्राप्त गरे । शिखर सहकारीका अनिल गुरुङ उत्कृष्ट खेलाडी घोषित भएभने प्रतियोगितामा १६ गोल गरेका मितेरी सहकारीका सन्तोस पुन सर्वाधिक गोल कर्ताको उपाधि हात पारे । दुई दिनसम्म चलेको प्रतियोगितामा १८ वटा सहकारीको सहभागिता रहेको प्रतियोगिताका संयोजक प्रशान्त राज धमलाले बताए । आयोजकको भने दुई टिम रहेको थियो । विजयी खेलाडीहरुको टोलीलाई शिखर बहुउद्धेश्य संस्था लिमिटेडका अध्यक्ष रवि शर्मा, आयोजक संस्थाका अध्यक्ष टुल्कनाथ आचार्य लगायतले पुरस्कार वितरण गरेका हुन । प्रमुख अतिथि समेत रहेका अध्यक्ष शर्माले सहकारी बिच भएको उक्त खेलले एकताको सन्देशसंगै उत्साह थपेको विश्वास व्यक्त गरे । शिखर बहुउद्देश्य संस्था लिमिटेड मुख्य प्रायोजक रहेको उक्त प्रतियोगितामा हिमालयन गार्डेन रेष्टुरेण्ट एण्ड वारले सहप्रायोजन गरेको छ । उक्त प्रतियोगिताबाट बचत भएको केहि रकम अनाथ तथा असाय वालवालिकाहरुको लागि सहयोग गरीने भएको आयोजक संस्थाका अध्यक्ष टुल्कनाथ आचार्यले बताए । उनले प्रतियोगिता सफल पार्न सहयोग गर्नु हुने सम्पूर्ण महानुभावप्रति धन्यवाद समेत ज्ञापन गरेका छन । सहकारी बीचको सम्बन्ध सुमधुर पारी भाईचाराको सम्बन्ध स्थापना गर्न पनि प्रतियोगिता आयोजना गरिएको संयोजक धमलाले जनाए ।

# बेनी बजारमा गोलाप्रथाद्वारा ग्यास वितरण

**गोल्डेन न्यूज संवाददाता**
**म्याग्दी १२ मंसिर ।**

बेनीमा खाना पकाउने आधा भरिएको ग्यास सिलिण्डर गोला प्रथाबाट वितरण गरिएको छ । उद्योग बाणिज्य संघ र जिल्ला प्रशासन कार्यालयको अगुवाईमा नाकावन्दीको तीन महिनापछि भित्रिएको ग्याँसलाई सार्वजनिक स्थलमा हजारौं उपभोक्ताबीच प्रत्यक्ष गोला खोलिएको थियो । भारतीय नाकावन्दीले खाना पकाउने ग्याससमेत इन्धनको चरम अभावहुँदा सर्वसाधारणको दैनिकी नराम्रोसँग प्रभावित भएको छ । 'सबैको चुल्हो निभेको छ । सदरमुकाबासीलाई मात्र उपभोक्ता कार्ड वितरण गरी कम्पनी अनुसारका उपभोक्ताबीच बढी न्यायोचित वितरण प्रणाली गोला प्रथालाई छान्यौं' उद्योग बाणिज्य संघका प्रथम उपाध्यक्ष उत्तम कर्माचार्यले भने,-'ग्यास ल्याउन र प्रशासनले डिजेलको ब्यवस्था गर्‍यो हामीले ढुवानी साधन, प्रहरीले सुरक्षा र उपभोक्ताले धर्यता ।'

जिल्लामा भित्रिएको गृहलक्ष्मी कम्पनीको जम्मा चार सय थान आधा ग्यास सिलिण्डर मध्ये जिल्ला प्रशासन कार्यालयलाई १० थान, ९ थान ग्यासका स्थानीय बिक्रेता (लगानीकर्ताहरु) लाई कोटा छुट्याएर बाँकी रहेका तीन सय ८१ थान सिलिण्डर सदरमुकाम बेनीमा रहेका ५ हजार कम्पनीका ग्यास उपभोक्तालाई गोला प्रथाबाट वितरण गरिएको हो । जिल्लामा गृहलक्ष्मी, शक्ति र अन्य ग्याँसकम्पनीका गरी ७० हजार उपभोक्ता छन । खाना पकाउने ग्यास अभाव हुदा डेरावाला विद्यार्थी, अपाङ्गता ब्यक्तिहरु र शहरी क्षेत्रका उपभोक्ताहरु बढी मारमा छन् । नजिकका वनजंगलमा सामुदायिक वन उपभोक्ता समितिले सुकेका दाउरासमेत उठाउन नदिएपछि निम्नबर्गका सर्वसाधारणले दाउराबाट खाना पकाउन समेत समस्यामा परेका छन ।

अन्य कम्पनीको ग्याँस भित्रिएपछि पनि यही विधीबाट उपभोक्तालाई वितरण गरिने उद्योग बाणिज्य संघले जनाएको छ । यस अघि वितरण प्रणाली सहज र पारदर्शी बनाउन उपभोक्ता कार्ड वितरण गरेको थियो ।

# रेडियो अन्नपूर्णको रक्तदान, १६६ युनिट रगत संकलन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १२ मंसिर ।**

रेडियो अन्नपूर्ण पोखराको आयोजना र पोखराका रोट्रयाक्ट क्लवहरुको सहकार्यमा शनिबार पोखरामा भएको अकस्मिक रक्तदान कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा १ सय ६६ युनिट रगत संकलन भएको छ । रेडियोकी प्रवन्ध निर्देशक सुनयना पालिखेले पहिलो रक्तदाता दृष्टिविहिन भोजेन्द्र अधिकारीलाई ब्लड व्याग हस्तान्तरण गरि कार्यक्रम शुभारम्भ गरेकी थिइन । भारतको अघोषित नाकाबन्दीका कारण पोखरा क्षेत्र सहित तराई मधेशमा समेत रगतको अभाव भएपछि रेडियोले आयोजनामा गरेको रक्तदानमा ३५ जना पहिलो रक्तदाता सहभागी भए । रक्तदानमा महिला २८ र पुरुष १ सय ३८ जना सहभागी थिए भने ४ जना दृष्टिविहीन् भोजेन्द्र अधिकारी, शिशिर खनाल, श्रीकान्त सापकोटा र प्रकाश वाग्लेले पनि रक्तदान गरे । त्यस्तै रेडियो अन्नपूर्णकर्मी १२ जनाले रक्तदान गरे । कार्यक्रममा रोट्रयाक्ट क्लव अफ पोखरा, रोट्रयाक्ट क्लव अफ अन्नपूर्ण, रोट्रयाक्ट क्लव अफ वागलुङ्ग, रोट्रयाक्ट क्लव अफ मिडटाउन, रोट्रयाक्ट क्लव अफ न्यूरोड, रोट्रयाक्ट क्लव अफ मनिपाल, रोट्रयाक्ट क्लव अफ फिष्टेल, रोट्रयाक्ट क्लव अफ पर्वत र रोट्रयाक्ट क्लव अफ हेमजा, बाबुराम भट्टराई संयोजकत्वको नयाँ शक्ति, राष्ट्रिय पर्यटन प्रबर्द्धन समिति, भञ्ज्याङ्ग दोहोरी साँझ, नेपाल निजामती कर्मचारी संगठन, पेशागत महासंघ कास्की, सौजन्य फार्मेसी, शितलदेवी युवा क्लव, टक्सार बचत तथा ऋण सहकारी संस्था, एसओएस बालग्राम, सनराईज प्रिन्ट, युनाईटेड गोल्ड मार्ट, ग्रेटर पोखरा डटकम, गौरी शंकर पाउरोटी उद्योग, नेपाल स्काउट, बर्ड नेपाल, राष्ट्रिय अपाङ्ग महासंघ, समावेशी टोल, योर्स टुर्स एण्ड ट्राभल्स, ला-ग्राण्डी ईन्टरनेसनल कलेज, पोखरा कलेज अफ म्यानेजमेन्ट, पोखरा पिज्जा हाउस, न्यू एरा रिकण्डिसन, फिस्टेल ट्याक्सी एकाई समिति, फिष्टेल हस्पिटल, नागरिक मञ्च, शुभ सौगात सहकारी, दर्पण सहकारी, पश्चिमाञ्चल सोलुसन, राष्ट्रिय पत्रकार समाज, कर्मचारी सञ्चय कोष, स्काइ टच रेष्टुरेण्ट, एलआईसी नेपाल लगायतका संघ-संस्थाहरुको संस्थागत सहभागिता रहेको थियो । रक्तदान कार्यक्रममा फार्मेसी पालिखेचोकले जुस, नेपाल अमेरिकन कलाकार संघका उपाध्यक्ष गायिका/नायिका मिरा गुरुङ्गले फलफूल, सूर्यदेव पोल्ट्रीले अण्डा र तालवाराही फार्मेसीले व्यानर तथा फार्मेसी सामान सहयोग गरेका छन् । रक्त सञ्चार केन्द्र पोखराको प्राविधिक सहयोगमा सम्पन्न रक्तदान कार्यक्रममा केन्द्रका प्रमुख ध्रुवमणि लामिछाने, यशोधरा दुरा, ब्लड वैंकका सन्दीप आचार्य, पूजा गुरुङ, जानुका त्रिपाठी र झरनाले सहयोग गरेका थिए भने ब्लड प्रेसर नाप्नको लागि फिस्टेल हस्पिटलकी सुस्मिता पन्त, तानसेन नर्सिङ्गकी मुना श्रेष्ठ, सुस्मा मेमोरियलकी सुगम आले तथा बिरगञ्ज नर्सिङ्गका अमिता क्षेत्री, एलिसा पौडेल र सुस्मिता क्षेत्रीले सहयोग गरेका थिए । कार्यक्रममा सभासद तथा नेपाली कांग्रेसकी नेतृ शारदा पौडेल पनि सहभागी थिइन । कार्यक्रम रेडियो अन्नपूर्णका प्रबन्ध निर्देशक सुनयना पालिखेको अध्यक्षतामा भएको थियो ।



# क्रिकेटका प्रशिक्षक दशनायकेको बिदाई

**काठमाडौं १२ मंसिर ।**

नेपाली राष्ट्रिय क्रिकेट टोलीका प्रशिक्षक पुबुदु दासानायके नेपालबाट बिदा भएका छन् । सन् २०११ सेप्टेम्बरमा नेपाल आएका उनको नेपाली प्रशिक्षकको भूमिका गतहप्ताअघि नेपालले विश्व क्रिकेट लिग च्याम्पियन सिपमा पपुवा न्युगिनीविरुद्ध खेलेपछि सकिएको थियो । हाल क्यानाडेली नागरिक रहेका दासानायके श्रीलङ्काका पूव विकेटकिपर समेत थिए । उनले गत महिना मात्र नेपाली क्रिकेट टोलीको प्रशिक्षकको भूमिकाबाट राजीनामा दिएका थिए ।

नेपालमा करिब चार वर्ष प्रशिक्षकका रूपमा बिताएका दासानायकेले नेपाली क्रिकेट खेलको स्तरोन्नति गर्दै नेपालबाट बिदा हुन लागेका हुन् । उनकै नेतृत्वमा नेपालले डिभिजन-४ बाट उक्लेर डिभिजन-१ सम्मको यात्रा तय गर्न सफल भएको थियो ।

त्यस्तै, उनकै नेतृत्वमा नेपाली टोलीले बङ्गलादेशमा भएको टि-ट्वेन्टी विश्वकपसमेत पहिलोपटक खेलेको थियो । यो नेपाली क्रिकेटमा मात्र नभएर नेपालको समग्र खेलकुद इतिहासमै ठूलो उपलब्धि मानिन्छ । नेपाललाई एक दिवसीय वरियता दिलाउने मूल लक्ष्य पूरा गर्न भने उनी चुकेका थिए । न्युजिल्यान्डमा भएको प्रतियोगितामा नेपालले खराब प्रदर्शन गरेपछि नेपालले उक्त अवसर गुमाएको थियो । नेपाली क्रिकेटमा मजाले भिजेका प्रशिक्षक दासानायकेले नेपाली खेलाडी निकै मेहनती भएको भन्दै प्रशंसा गरेका छन् । शुक्रबार राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले गरेको बिदाइ कार्यक्रममा प्रशिक्षक दासानायकेले भनेका थिए-"नेपाली क्रिकेटको भविष्य राम्रो छ, नेपाली खेलाडीमा भएको खेल भावनाले एक दिन नेपाली क्रिकेटलाई उच्च बिन्दुमा अवश्य पुऱ्याउन सक्नेछ ।" दासानायकेको करार अवधि डिसेम्बरसम्म रहेको भएपनि विभिन्न कारण देखाउँदै उनले त्यसअघि नै विभिन्न कारण देखाउँदै राजीनामा दिएका थिए । नेपाल छोड्नुअघि उनले नेपाली क्रिकेटप्रेमीलाई सम्बोधन गर्दै भनेका छन्-"म नेपाली क्रिकेट शुभचिन्तक प्रति कृतज्ञ छु । उहाँहरुले सधैं नेपाली क्रिकेट टोलीलाई खराब समयमा पनि साथ दिनुभयो, प्रोत्साहित गर्नुभयो ।"

# चापाकोट वर्णित म्युजिक भिडियो आउँदै

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १२ मंसिर ।**

कास्कीको चापाकोट गाविसको प्राकृतिक तथा भौगोलिक अवस्था र सुन्दरताका साथै चिनारी झल्काउने म्युजिक भिडियो छिट्टै बजारमा आउँदै छ । पोखराको फेवातालको पश्चिमतर्फ रहेको चापाकोट गाविस रमाइलो र सुन्दर भएकोले सबैलाई गाउमा घुम्न जान आग्रह गरिएको म्युजिक भिडियोको छायाङ्कन करिब पूरा भएको र सम्पादन गरि छिट्टै बजारमा ल्याइने तयारी भइरहेको गीतका रचनाकार खेम पराजुलीले गोल्डेन न्यूज दैनिकलाई बताए । 'चापाकोट गाउँ, ।कस्की जिल्ला पोखरा फेवाताल, पश्चिम हाम्रो ठाउँ' बोलको लोक दोहोरी गीतलाई गाउँको विभिन्न स्थानको छायाङ्कन गरेर म्युजिक भिडियोको रुपमा सार्वजनिक गरिने लागेको हो । चापाकोटको भौगोलिक अवस्था र त्यहाँको स्थानीय उत्पादन, सांस्कृतिक भेषभूषाका साथै चापाकोटमा रहेका पर्यटकीय तथा धार्मिक गन्तव्यहरु वर्णन गरिएको गीतको अन्तिम छायाङ्कन शनिबार पोखराको फेवाताल किनारमा सम्पन्न भएको छ । छायाङ्कनमा चापाकोट गाविसबाट पोखरामा आइ बसोबास गर्नेहरुको सहभागिता रहेको थियो । चापाकोटका स्थानीय गंगाधर पराजुली, गौरी पराजुली पौडेल र रोशनी देवकोटाले स्वर दिएको उक्त गीतमा साथ दिएका छन् ।

# नवआदर्श क्लवको रक्तदानमा ३५ युनिट संकलन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १२ मंसिर ।**

आदर्श युवा क्लव लेखनाथ १ भण्डारढिकको १८औं बार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रमको क्लवका सदस्य पहिलो रक्तदाता लक्ष्यबहादुर के.सी लाई ब्लडव्याग हस्तान्तरण गर्दै, एन्फा कास्कीका अध्यक्ष धर्मसिंह लामिछानेले उद्घाटन गरेका थिए । त्यस अवसरमा उनले लेखनाथमा आदर्श युवा क्लव सामाजिक क्रियाकलापमा अग्रणी रहेको उल्लेख गरे । उनले लेखनाथको खेलकुदको विकासमा क्लवले अतुलनिय योगदान पुर्‍याएको बताउँदै, प्रस्तावित रंगशालाको स्तरोन्नती, खेल सामाग्री बितरण, खेलाडीलाई प्रशिक्षण लगायतका क्रियाकलाप सह्रानिय रहेको उल्लेख गरे ।



क्लवका अध्यक्ष लक्ष्मीप्रसाद भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस लेखनाथका सभापति राजेन्द्रमणि लामिछाने, लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठी, लेखनाथ हार्डवेयर एशोसिएशनका अध्यक्ष ऋषिराम भण्डारी, क्लवका संस्थापक अध्यक्ष चेतवहादुर गुरुङ लगायतले खेलकुदको क्षेत्रमा आदर्श युवा क्लवको क्रियाकलाप लेखनाथका लागि कोशे ढुंगा सावित भएको बताएका थिए । कार्यक्रममा प्रमुख अतिथि र क्लवका अध्यक्ष लक्ष्मीप्रसाद भण्डारीले फुटवल खेल प्रशिक्षणका लागि निर्माण गरिएको कोषका प्रशिक्षक मिलन गुरुङ, विश्वास गुरुङ र तारा के.सी लाई एक लाख ५० हजार रुपैया बराबरको सामाग्री हस्तान्तरण गरेका थिए । मर्सी क्रप्सको सहयोगमा सो सामाग्री लेखनाथका ९ नीजि तथा सरकारी विद्यालयका खेलाडीलाई प्रशिक्षण उपलब्ध गराउन प्रयोग गरिने छ । क्रप्सले प्रस्तावित रंगशालाको स्तरोन्नतिका लागि ५० लाख रुपैया सहयोग उपलब्ध गराएको छ ।

क्लवले बार्षिकोत्सव साताभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाउने जनाएको छ । १५ गतेसम्म विभिन्न विद्यालयलाई खेलसामाग्री बितरण, १६ गते विद्यालयस्तरीय हाजिरी जवाफ प्रतियोगिता र मंसिर १८ गते निशुल्क दन्त शिविरको आयोजना गरिने क्लवका अध्यक्ष भण्डारीले जानकारी दिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक
अनलाइनमा पढ्न र सुनौलो
एफ.एम. १०२.२ मेगाहर्ज
सुन्न
Log on :
www.goldennews.com.np

सुन्दर हेयर एण्ड ब्युटी
हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension गर्नुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी केयर, पेडी केयर पनि गरिन्छ ।
प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।
सम्पर्क: ९८४६८५९३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ नै किन ?
तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
आकर्षक तथा आधुनिक डिजाइनका लागि,
आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ्ग मेशिन प्रयोग गरिने,
यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाई दिनुहुन्छ....
बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
DIGIAM Ashvira OCM Raymond

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा